# मोदी गाउँपालिका
# Modi Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office Of Rural Municipal Executive

पातिचौर,पर्बत
Patichaur,Parbat
गण्डकी प्रदेश,नेपाल
Gandaki Province,Nepal
☏:०६७-४१०१६४


**पत्र सँख्या :- २०७६/०७७**
**Letter No:- 2076/077**
**चलानी नँ :-**
**Dispatch No:-**

---

### मोदी गाउँपालिकाको हार्दिक अनुरोध

बालबालिकाको बाँच्न पाउने, संरक्षण, विकास र सहभागिताको अधिकारको रक्षा र प्रवर्द्धन गर्नु हामी सवैको कर्तब्य एवम् दायित्व हो । हामीले अहिले बालबालिकालाई अवसर दिनु भनेको भोलिको समुन्नत समाजको मार्ग चित्र कोर्न हो । यसर्थ बालबालिकालाई पहिलो प्राथमिकतामा राखी उनीहरुको सर्वाङ्णीण विकासको लागि कार्यरत रही बालबालिकाको सर्वोत्तम हितमा कार्य गरिदिनुहुन सबैमा हार्दिक अनुरोध छ ।

- छ महिनासम्मको शिशुलाई आमाले अनिवार्य स्तनपान गराउनु हुन अनुरोध छ ।
- सम्पूर्ण बालबालिकालाई पूर्ण खोपका लागि हाम्रो गाउँपालिकाभित्रका स्वास्थ्य संस्थामा लैजानुका साथै ६ महिना देखि ५ बर्षसम्मका बालबलिकालाई तोकिएको समयमा भिटामिन ए को क्याप्सुल खुवाउन अनुरोध छ ।
- गर्भवती आमालाई बच्चा जन्माउनु पूर्व ४ पटक र बच्चा जन्माएपछि नबजात शिशु र आमाले अनिवार्य ३ पटक स्वास्थ्य जाँच गराउनु हुन र साथै दक्ष स्वास्थ्यकर्मीबाट मात्र बच्चा जन्माउन अनुरोध छ ।
- सबै बालबालिकाको अनिवार्य जन्मदर्ता गराउनको लागि अनुरोध छ ।
- बालविवाह अपराध हो । यसैले बालविवाह नर्गन र नगराउन अनुरोध छ ।
- बालबालिकालाई श्रममा नलगाउन अनुरोध छ ।
- घरेलु झै झगडाले बालबालिकालाई नकरात्मक असर पार्ने साथै बालबालिकामा हिंसा, बेचविखन , शोषण अनि दुर्ब्यवहार जस्ता जोखिममा पर्ने हुँदा बालबालिकालाई बालमैत्री वातावरणमा हुर्कन र अगाडि वढ्ने अवसर प्रदान गर्नका लागि अनुरोध छ ।
- कुनै पनि बालबालिका विद्यालय जानवाट बंञ्चित भएको पाईएमा नजिकको वडा कार्यालय वा गाउँपालिकाको कार्यालयमा जानकारी गराउनुहुन अनुरोध छ ।
- बिद्यालयहरुमा बालमैत्री वातावरणमा अध्ययन अध्यापन गराउनुका साथै, अतिरिक्त क्रियाकलापमा सहभागी गराउँदै उनीहरुको शारीरिक र मानसिक विकासमा जोड दिदै सिकाईका अवसर प्रदान गर्न सम्पूर्ण बिद्यालय परिवारमा अनुरोध छ ।
- बालबालिकाको सर्वोत्तम, हितमा काम गर्नु हाम्रो कर्तब्य अनि दायित्व हो । गाउँपालिकालाई बालमैत्री बनाउने अभियानमा क्रियाशिल भईदिनु हुन सविनय अनुरोध छ ।

प्रेम शर्मा पौडेल
अध्यक्ष
एवम् मोदी गाउँपालिका परिवार